जि.प्र.का. द.नं. ०४/०५६/०५७ जि.हु.का.द.नं. ०२/०६४/०६५

विकास, विचार र समाचारको स्वतन्त्र खुराक

**हाम्रो सम्झना छ ?**

अडियो तथा भिडियो डकुमेन्ट्री बनाउनु परेमा राष्ट्रिय स्तरका पत्र, पत्रिकाहरु रेडियो र टेलिभिजनहरुमा सुचना तथा विज्ञापन प्रकाशन तथा प्रसारण गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

अल नेपाल मिडिया होम प्रा.लि
मो. नं ९७५१०१०६९५

मिड याड नेपाल
मो.नं. ९७५१०२०९६०

वर्ष १२, अंक ८ २०६७ जेष्ठ २३ गते आइतवार *Webside : www.dhadingawaj.com.np* 6 june, 2010 पृष्ठ संख्या ६ मूल्य रु. ५।–

## सेनाद्वारा बम डिस्पोज

**निलकण्ठ (धास) ।** धादिङको नौविसे गाउँ विकास समितिको कार्यालयमा राखिएको बम डिस्पोज गरिएको छ । गाविसमा राखिएको सकेट बमलाई आइतवार बिहान नेपाली सेनाको बम डिस्पोजल टोलीले निस्क्रिय पारेको हो ।

बम संयूक्त जातिय मुक्ति मोर्चाले शनिवार राति १ बजे राखेको टेलीफोन मार्फत सञ्चारकर्मीलाई जानकारी गराएको थियो । गाउँ विकास समितिको कामकाज पारदर्शी नभएकाले जनताको पक्षमा काम गर्ने, संविधानसभाको एक वर्षको लागि थपिएको म्याद नपुग भएकाले अझ थप्न र सबै क्षेत्रमा समानुपातिक प्रणाली लागू गर्न दवाव दिन उद्देश्यले गाविस कार्यालयमा बम राखेको मोर्चाले बताएको छ ।

यस अघि पनि सो मोर्चाले मागेजति चन्दा नदिएको भन्दै छत्रेदेउराली गाउँ विकास कार्यलयमा पनि बम बिस्फोट गराई आगजनी समेत गरेको थियो ।

### डा.भक्तमान श्रेष्ठ सकुशल मुक्त

# हिन्दू जनता पार्टीले अपहरण गरेको श्रेष्ठको भनाइ

**धादिङबेसी (धास) ।** १९ दिन अघि अपहरणमा परेका भरतपुर क्यान्सर अस्पतालका कार्यकारी निर्देशक डाक्टर भक्तमान श्रेष्ठ शनिवार बिहान अपहरण मुक्त हुनुभएको छ । डा श्रेष्ठलाई धादिङको जोगीमारा गाविसको एक सहकारी भवन नजिक ल्याएर बिहान २ बजे अपहरणकारीले मुक्त गरिदिएका हुन ।

थकित र कमजोर अवस्थामा मझिमटार स्थित सडकमा सहारा खोज्दै सडकमा हिडेको अवस्थामा सडकबोर्ड नेपालले सडक कर लिने स्थानमा खटिएका कर्मचारी सुरेश आचार्यले राती २ बजेतिर भेटेपछि उद्धार गरिएको र परिवारसंग मोबाइलबाट फोन सम्पर्क गराइएको थियो ।

शनिबार बिहान २ बजेतिर अपहरणकारीले हात बाँधेर आखाँमा पट्टी बाधी गाडीमा ल्याएर छाडेपछि हात खोलिदिएको डा. श्रेष्ठले बताउनु भएको छ । अपहरणकारीले आधाघण्टापछि मात्र आँखा खोल्न भनेपछि राती अलपत्र परेको र घर सम्म सम्पर्क गर्न उहाँसंग रकम समेत नभएकोले घरपरिवारलाई सम्पर्क गर एको सुरेसचन्द्र भण्डारीले जानकारी दिनु भएको छ ।

सडक कर कार्यालयमा आएपछि प्रहरी कार्यालय सोधखोज गरि आफूलाई अत्याधिक प्यास लागेको, परिवारलाई फोन सम्पर्क गर्न आफूसंग मोबाइल समेत नभएकोले सहयोग मागेपछि सडक बोर्डको कर कार्यालयमा बस्ने सुरेश आचार्यले आफनो मोबाइलबाट श्रेष्टको परिवारलाई खबर गरि दिएका थिए ।

अपहरण बाट मुक्त भए लगत्तै डाक्टर श्रेष्ठ जोगिमारा स्थित नेपाल सडकबोर्डको ढाट कार्यालयमा आइपुग्नु भएको थियो । उहा अपहरण मुक्त भएको खबर थाहापाए पछि बिहान ४ बजे डा श्रेष्ठकी पत्नि शिलु, भाई जगतमानका साथै प्रहरीको टोली श्रेष्ठलाई लिन धादिङ आउनुभएको थियो । उहा बिहान सातबजे चितवन पुगेपछि प्रहरी सुरक्षाको घेरामा क्यान्सर अस्पतालमा छिर्नुभएको थियो ।

डा. श्रेष्ठको हातमा केहीले बाधेको जस्तो डोब रहेको छ। डाक्टर श्रेष्ठले पत्रकार सम्मेलनमा आफ्नो अपहरण नेपाल जनता हिन्दु पार्टीले गरेको बताउनु भयो ।

आफ्नै निवासमा आयोजित पत्रकार सम्मेलनमा डाक्टर श्रेष्ठले आफूलाई किन अपरण गरियो र कहाँ राखिएको थियो जानकारी दिन चाहनु भएन । अपहरणका क्रममा आफूलाई कुनै दुर्व्यबहार नगरेको उहाले बताउनुभयो । घरको भूइमा पत्रकार सम्मेलन गर्ने ठाउ छुट्याइएपनि श्रेष्ठ छतमा गएर माथिबाटै पत्रकारलाई सम्वोधन गर्नु भएको थियो । प्रहरीले पत्रकार सम्मेलन गरेर घटनाको विबरण सार्वजनिक गर्ने तयारी भैरहेका बेला श्रेष्ठले त्यसभन्दा अघि नै पत्रकारलाई घटनाको बारेमा बताउनु भएको थियो । पत्रकार घरको भूईतलामा कुरी रहेका बेला उहा पत्रकारलाई टाढैबाट सम्वोधन गर्न घरको छतमा पुग्नु भएको थियो । पछि पत्रकारहरु बिच आएर उहाले आफु अपहरणमा पर्दा चासो र चिन्ता ब्यक्त गर्दै खोजिका लागि पहल गर्ने सबै सहकर्मि, पत्रकार,

***बाँकी पेज ५ मा..***

## ६० लाख घरधुरीमा पुगेर तथ्यांक लिइने

**धादिङ जेठ १९ गते ।** विभिन्न क्षेत्रबाट संकलित तथ्यांक, संकलन गर्ने निकायको लागि मात्र नभई मुलतः प्रयोगकर्ताहरुको लागि भएको धादिङमा आयोजित एक कार्यक्रमका सहभागिहरुले बताएका छन् ।

संकलित तथ्यांकहरु प्रयोगकर्ताहरुको आवश्यकता र माग बमोजिम हुनुपर्दछ भन्ने मान्यता केन्द्रिय तथ्यांक विभागको रहेको पनि कार्यक्रममा बताइएको थियो । केन्द्रिय तथ्यांक विभाग, शाखा तथ्याकं कार्यालय मकवानपुरको आयोजनामा मंगलबार धादिङवेसीमा जनगणना २०६८ सम्बन्धी भएको अन्तरक्रिया कार्यक्रममा सो कुरा बताइएको हो ।

केन्द्रिय तथ्यांक विभागबाट प्रकाशित तथ्यांकहरु स्थानीयतहका प्रयोगकर्ताहरुको आवश्यकता तथा माग बमोजिम भए नभएको मुल्यांकन गरी आगामी जनगणनामा के कस्ता सुधार गर्नुपर्छ भन्ने विषयमा विभिन्न निकाय, संघ/संस्थासंग छलफल गरी आवश्यक राय सुझाव संकलन गर्ने उद्देश्यले अन्तरक्रिया कार्यक्रम गरिएको बताइएको थियो ।जिल्लाका विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, विभिन्न संघ/संस्थाका प्रतिनिधिहरु, सरकारी कार्यालयका प्रतिनिधिहरु तथा सरोकारवालाहरुको सहभागिता रहेको कार्यक्रममा शाखा तथ्यांक कार्यालय चितवनका शाखा अधिकृत लिलाप्रसाद मिश्रले एक सय बर्षको राष्ट्रिय जनगणना २०६८ को प्रक्रिया र विशेषताको विषयमा

**बाँकी ५ पेजमा..**

## विज्ञान कक्षा बागेश्वरीमा

**वेनिघाट (धास) ।** बागेश्वरी उच्च माध्यमिक विद्यालय बेनिघाट, रिचोकटारमा वि१ान संकायमा पनि अध्यापन शुरु हुने भएको छ ।

जिल्ला कै पहिलो विज्ञान संकायको कक्षा सञ्चालन गर्न विद्यालयको स्थलगत निरीक्षण पछि उच्च माध्यमिक शिक्षा परिषदका उपाध्यक्ष प्राध्यापक डाक्टर उपेन्द्र कोइरालाले विद्यालयमा भौतिक पूर्वाधार पर्याप्त भएकाले विज्ञान विषयको अध्यापनका लागि अनुमति प्रदान गरिने बताउनु भयो ।

*बाँकी ५ पेजमा*



**धुम्रपान स्वास्थ्यका लागि हानिकारक छ :** काखमा रहेको बच्चाको ख्यालै नराखी चुरोट पिएर आनन्द लिदै जोगिमारा-७, पिपलडाँडाकी एक महिला । ***तस्विर : राजाराम शर्मा***

## अतिरिक्त क्रियाकलापको जिम्मा बाल क्लवलाई

**साङ्कोष (धास) ।** विद्यालयमा हुने नियमित अतिरिक्त क्रियाकलापको जिम्मा अब विद्यालयमै गठन भएको बाल क्लवले लिन थालेका छन् । धादिङको साङकोस गाउँ विकास समिति वडा नम्बर ३ दामगाडेमा रहेको पशुपति माविको अतिरिक्त त्रियाकलापको जिम्मा विद्यालयमै गठन भएको बाल क्लवले लिएको छ ।

विद्यालयमा गठित पशुपति ग्रिन बालक्लबको आयोजनामा मंगलवार भएको एक गोष्ठिमा बालक्लबका सदस्यहरुले अबदेखि विद्यालयमा हुने अतिरिक्त क्रियाकलापहरु आफूहरुले सञ्चालन गर्ने बताएका हुन् । क्लवले चालु शैक्षिकसत्र २०६७ मा गरिने अतिरिक्त क्रियाकलापहरुको वार्षिक कार्ययोजना समेत तयार पारिएको छ ।

विद्यालयमा मासिक भित्ते पत्रिका प्रकाशन, बालअधिकार, शान्ति र विभेद सम्बन्धि नाटकहरु, हाजिरजबाफ, वक्तृत्वकला, निवन्ध लेखन, चित्रकला जस्ता प्रतियोगितात्मक कार्यक्रमहरु क्लवको वार्षिक कार्ययोजनामा समावेस गरिएको छ ।

विद्यालयमा विभिन्न अतिरिक्त क्रियाकलापहरु संचालन गर्नको लागि चारओटा उपसमितिहरुको गठन पनि गरिएको छ । यसरी गठत गरिएका उपसमितिहरुमा भित्तेपत्रिका प्रकाशन उपसमिति, नाटक उपसमिति, अतिरिक्त क्रियाकलाप उपसमिति र पुस्तकालय उपसमिति रहेका छन् ।

प्रकाशक : नवराज छत्कुली (९७५१०२०९६०)
सल्लाहकार : ध्रुवबहादुर थापा
गोपाल लम्साल
सम्पादक : के.पि. शर्मा दुवाडी (०१०-५२०६१५)
कार्यकारी सम्पादक : राजाराम शर्मा (९८४१०६३८९७)
सहसम्पादक : दामोदर अर्याल (९८४१३४४६३५)
व्यवस्थापक : शंकर श्रेष्ठ (९८४१७१७९२५)
विशेष सहयोगी: अर्जुन श्रेष्ठ (गोर्खाली)
बजार प्रतिनिधि : विकास श्रेष्ठ (९८४१०६३८९८)
फोन/फ्याक्स : ०१०-५२०६१५
E-mail : dhadingvoice@gmail.com
मुद्रक सरस्वती छापाखाना धादिङबेंसी
फोन: ०१०-५२०२५९, ५२०६८४,सुगमटोल,धादिङ
कम्प्युटर सेटिङः : रीता लम्साल
अधिकृत विक्रेता : त्रिपुरा पुस्तक पसल, धादिङवेसी
Webside : www.dhadingawaj.com.np

## सम्पादकीय.........

# अनिर्णयको बन्दि कहिले सम्म

मूलुक अनिर्णको बन्दि वनेको छ । गत जेठ १४गते राती नेपालका प्रमुख तीन राजनीतिक दलहरुको सहमति अहिले चर्चामा छ र यसैले मुलुकलाई अनिर्णको बन्दि बनाएको छ। निर्धारित समय जुन समय मुलुकको अग्रगामी निकासको लागि नयाँ संविधान बनाएने थियो, त्यो समयमा संविधान बन्न नसके पछि संविधान सभाको म्याद थप गर्न तीन प्रमुख राजनितीक पार्टिहरुले तीन वुदे सहमती गरेको थियो । यद्यपी एकिकृत नेकपा माओवादीले आफ्नो सत्ता त्याग सँगै बनेको सरकारको राजीनामा माग्दै आएको थियो ।

जति समय माधव कुमार नेपाल नेतृत्वको सरकार मुलुकमा छ त्यति नै समय प्रमुख प्रतिपक्षि पार्टिले सरकारको राजीनामा मागिरहेको छ। सरकार प्राप्तीको लागि एउटा पार्टिले वर्षे भरि आन्दोलन गरिरहँदा सत्ताधारीहरु सरकार छाड्ने चाहना नगरिरहदा र निर्धारित समयमा सँविधान वन्न नसक्दा मुलुक धेरै अनिर्णको बन्दि जस्तो देखिएको छ। र हो पनि यदि सवै राजनीतिक दलहरुले सहमती, सहकार्य र एकतालाई दृढताका साथ आत्मसात गर्न सकेको भए निर्धारित समयमा संविधान पनि आउने थियो र मुलुकले चाहेजस्तो निकास निस्कन सक्थ्यो । विडम्वना त्यो हुन सकेन ।

सहमति ,सहकार्य र एकतालाई एकातिर फ्याकेर तत्कालिन ,सरकारको नेतृत्व गरिरहेको माओवादीले प्रधानसेनापती लगाएतका प्रकरणमा एकाधिकार लादन खोन्जु र त्यस पछिका समयमा अन्य राजनीतिक दलहरुले माओवादीलाई एक्ल्याएर अघि बड्न खोज्नु दुवै मुलुकको लागि धातक बनिरहयो संविधान सभाको निर्धारित समयसिमा सकिदा प्रमुख राजनीतिक दलहरुको तीनवुदे सहमति गरेर निकास दिन खोजिएको पनि पाईयो तर सहमति भएको दुईसाता पुग्नलाग्दा सम्म पनि सहमति कार्यन्वयन गर्न केहि अघि बढेको पाईएन। सहमतिलाई सवैले आफु अनुकुल व्याख्या गर्दा र हक माग्न नसक्दा मुलुक अझै कतिदिन अनिर्णको बन्दि बनिरहनु पर्ने हो थाहा छैन। यस्तो अवस्थावाट मुलुकलाई गुजार्नु कसैको पनि हितमा छैन । अझै बेला वितेको छैन। फेरी एकपटक सवैले सहमति ,सहकार्य एकतालाई कार्यान्वयनमा उतार्ने हो भने मुलुकले निकास पाउन सक्छ।

# दलहरु अझै सुध्रिएका छैनन्

## दृष्टिकोण

✍.यमराज जी

जेष्ठ १४ को समय सीमा नाघ्नै लाग्दा रातारात भएको तीन बुँदे समझदारीले तत्कालका लागी गम्भीर दुर्घटनालाई टार्न सफल भए पनि दलहरु अझै पनि सुध्रिएका रहेनछन् भन्ने कुराको प्रमाण तीन बुँदेको मसी नसुक्दै भएको विवादले पुष्टि गरेकोछ ।।समयमै संविधान बन्न नसके पछि निराशाजनक घडीमा दलहरु बीच भएको तीन बुँदे समझदारीले नयाँ संविधान र शान्तीको मार्ग प्रशस्त गर्छ भन्ने विश्वास सिर्जना गर्नु पर्नेमा त्यसको परिभाषामा नै दलहरु बिभाजित हुन पुग्नुले दलहरुको नसुध्रिएको व्यवहारले जनता र मुलुकले थप कष्ट पाउने देखिन्छ ।नयाँ संविधानका लागी दलहरुले यो २ बर्षको अवधिमा जति गम्भीर भएर लाग्नु पर्ने हो त्यसको विपरित सत्ता राजनीतिमा केन्द्रित रहेका कारण मुलुक अहिले गम्भीर दुर्घटनाको तिर उन्मुल हुन पुगेको छ ।साठी बर्ष अगाडी नेपाली जनताले संविधान सभा मार्फत आफ्नो भविष्य निर्धारण गर्न गरेको संर्घष पुरा हुने अवस्थामा आइपुग्दा दलहरु संकीर्णता भन्दा माथी उठ्न नचाहेका कारण मुलुकले नसोचेको अन्धकार तिर उन्मुख हुने सम्भावना बढेको छ।

हुन त सबै दलहरुले अहिले पनि सहमतिका लागी आफुहरु हदै सम्मको लचिलो भएको भन्न छाडेका छैनन् तर व्यवहारमा त्यो नदेखिदा जनता अन्यौलमा परिरहेका छन् । बर्तमान अवस्थामा सबै दलहरु बीचको उच्चस्तरको समझदारी भयो भने मात्र मुलुकले सही दिशा लिन्छ भन्नेमा कुनै विवाद छैन ।अनि त्यसको खालका समझदारी त्यतिखेर मात्र सम्भव छ जति खेर दलहरुले आफ्नो दलीय धरातल भन्दा माथी उठेर राष्ट्र र जनतालाई केन्द्रमा राखेर स्वविवेकपूर्ण ढंगबाट अगाडी बढ्ने साहस देखाउँछन् । हुनत सबै दलहरु अहिले पनि राष्ट्रिय सहमति बिना अगाडी बढ्न सकिन्न भन्नेमा विश्वस्त छन् र पनि त्यसको स्पष्ट आधार तय गर्न असक्षम भएको कारण मुलुक र जनताले कस्तो खालको क्षति व्योहोर्नु पर्ने हो भन्न गाह्रो भएको छ ।संविधान सभाले निर्धारित मितिमै नयाँ संविधान जारी गर्न नसकेको अवस्थामा नयाँ खालको समझदारी बिकास गरेर अगाडी बढ्नु पर्नेमा दलहरुले सत्ता राजनीतिलाई नै समझदारीको मुख्य शर्त मान्नु आम जनताका लागी दुर्भाग्यपूर्ण हुने देखिएको छ ।अहिलेको विवाद तीन बुँदे र त्यसको सेरोफेरोमा अलिखित र गोप्य भनिएको समझदारीमा अडिएको देखिन्छ ।समझदारीका लिखित बुँदालाई पुरै वेवास्ता गर्न चाहने माओवादी र गोप्य भनिएको समझदारीबाट पछि हट्न खोजेका काँग्रेस तथा एमालेको व्यवहार सत्ता केन्द्रित हुनुले आगामी १ बर्ष पनि अन्यौलपुर्ण र त्रासदीपुर्ण हुने देखिन्छ ।

दलहरु अहिले यतिखेर विभिन्न स्वार्थको घेराबन्दीमा परेका कारण अनिर्णयको बन्दी बनेको देखिन्छ ।एकातिर सहमतिका लागी माओवादीले सरकार परिवर्तनलाई शर्त मानेको अवस्था छ भने अर्को तिर माओवादी प्रति अन्य दलहरुको आशंका निवारण नभएको कारण मुलुक मुठभेड तिर उन्मुख हुँदै गएको देखिन्छ ।सहमतिका लागी आआफ्ना अडानहरुमा लचिलो हुन पर्ने सर्वमान्य सिद्धान्तलाइ लत्याएर दलहरुले शर्तहरुमा अल्झिरहेका कारण पनि मुलुक बन्दी भएको हो गतिहीन भएको हो। आपनो कित्ता कसरी बलियो बनाउने दाउमा रहेका दलहरुले जनता र राष्ट्रलाई अवमुल्यन गरेको कारण पनि अस्थीरता बढेको हो ।यो तरलता र अस्थीरताले मुलुकको समुन्नतिमा बाधा पुर्याउँछ भन्ने आत्मज्ञान दलहरुमा नखुलेको हो वा कुनै अमूर्त शक्तिको घेराबन्दीमा परेर हो नेजाली जनताको पीडा अझै बढ्ने देखिन्छ ।मुलकको संविधानलाई पार्टी बिशेषको दस्तावेज बनाउन चाहने माओवादी लालशा अनि लोकतन्त्र र मानवाधिकार आफ्नो मात्रै पेवा ठान्ने अन्य दलहरुको संकीर्णताले मुलुक अस्थीर मात्र भएको छैन, विभिन्न चलखेल पनि शुरु भैसकेको महसुस गर्न सकिन्छ। एकातिर राष्ट्रिय स्वाधीनताको वकालत गर्ने अनि अर्को तिर मुलुक भित्रकै शक्ति भन्दा बाहिरी शक्तिलाई विश्वास गर्ने हाम्रो चिन्तन र व्यवहारले अन्नत नेपालको आत्मसम्मानमा नै घात पुर्याउछ भन्ने कुराको हेक्का हामीले राखेनौ भने नेपाल र नेपाली भनेर गौरव गर्ने ठाँउ रहने छैन ।मुलुक भित्रैका शक्तिहरुको अस्तीत्वलाई स्वीकार गरेर अगाडी बढ्ने उदारता र साहस हामीले देखायौं भने मात्र नेपाल र नेपालीको स्वर्णिम भविष्यको अपेक्ष गर्न सकिन्छ।त्यसैले दलहरुले एक अर्कालाई निषेध गरेर वा बहिष्कार गरेर भन्दा पनि सम्मान गरेर अबका दिनमा अगाडी बढ्ने हो भने पनि संविधान सभालाई जिवित राखेर मुलुकलाई निकास दिन सकिन्छ ।तर यसका लागी दलहरुमा बोली मात्र होइन व्यवहारमा गम्भीरता र इमान्दारिताको आवश्यक्ता छ।

## धादिङका महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| धादिङ अस्पताल | ५२०१३० |
| शहिद मेमोरियल अस्पताल | ५२०२८३ |
| राजमार्ग सामुदायिक अस्पताल | ५२९२८७ |
| धादिङ सामुदायिक अस्पताल | ५२०२४६ |
| गजुरी अस्पताल | ५२९११२ |
| जिल्ला आर्युवेदिक स्वास्थ्य केन्द्र | ५२०२७८ |
| प्राथमिक स्वास्थ्य केन्द्र गजुरी | ५२९१७८ |
| वेनिघाट स्वास्थ्य चौकी | ९८४१५०९३९३ |
| खानीखोला एम्बुलेन्स | ०१६-२०४१२४ |
| सल्यानटार प्राथमिक स्वास्थ्य केन्द्र | ०१०६९०११५ |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ |
| ईलाका प्रहरी कार्यालय गजुरी | ५२९१६० |
| ईलाका प्रहरी कार्यालय खानीखोला | ५२९१२६ |
| जिल्ला कारागार शाखा | ५२०२४० |
| जिल्ला प्रशासन कार्यालय | ५२०१३३ |
| नेपाल रेडक्रस सोसाइटी | ५२०१३७ |
| यातायात व्यवसायी संघ | ५२०११९, ५२०६०९ |
| माइक्रोबस व्यवसायी संघ | ५२०३८७ |
| **एम्बुलेन्स सेवा** | |
| धादिङबेंसी | ५२०१५० |
| गजुरी | ५२९१७८ |
| मलेखु | ५२९२८७ |
| बैरेनी | ५२९१६२ |
| आरुघाट एम्बुलेनस | ०१९५३४५०४ |
| ने या स्व म संगठन पृथ्वी राजमार्ग इकाई धार्के (शवबहान एम्बुलेन्स) | ९८४१५१९६६६ |
| धादिङ आवाज साप्ताहिक | ०१०-५२०६१५ |
| ग्रामिण यातायात | ०१०-५२०९७४ |
| रेडियो धादिङ | ०१०-५२०९६० |
| रेडियो लोकतन्त्र | ०१०-५२०२७१ |
| रेडियो कृषि | ०१६-२१४४३९ |
| रेडियो विहानी | ०१०-५२०९९७ |
| जनमुक्ति साप्ताहिक | ०१०-६९०८४८ |
| मंगल प्रभात किरण | ०१०-५२०४४० |
| नेपाल पत्रकार महासंघ | ०१०-५२०७३० |
| गैसस महासंघ | ०१०-५२००४९ |

कुनै पनि काम सानो र ठुलो हुँदैन । श्रम गर्न नहिच्किचाऔं । श्रमको सम्मान गरौं । उत्दन र उत्पादकले बढाउँछ शिक्षित र सचेत बनौं । अरुलाई पनि बनाऔं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# कृषि क्षेत्रको बदलिदो अवस्था र त्यसले पारेको असर



✍ … शंकर भट्टराई

पहिला खोल्साखाल्सीमा पनि पानी हुन्थ्यो, कुलोवाट पानी आउथ्यो असारमा धान रोपिन्थ्यो । पहिला ७ दिन ७ रात पानी पर्थ्यो, जमिन मजासंग गल्थ्यो, दिउसभरि घुम्टो ओडेर धान राप्थ्यौं । वर्षामा महेश खोलो तर्न सक्ने अवस्थामा हुदैनथ्यो । पहिला त्यही श्रोतवाट सिंचाई हुन सकेको थियो अहिले खानेपानी नपुगेर वल्लो गाँउ र पल्लो गाँउमा झगडा छ । यो सवै अनुभव गोगनपानी, धादिङ्गका कृषकहरुको हो । १५/१६ वर्ष पहिलाको तुलनामा अहिले महेश खोलामा पानी आधा घटेको अनुभव त्याहाँका कृषकहरुको छ। सवैतिरका मुलहरु सुकेका छन्। गाँउ नजिकको खोल्सामा ३ वटा कुवाहरु थियो, एउटा मुलवाट ३२ मि.मि.को पानी आउथ्यो । अहिले ३ वटा मुलवाट २४ मि.मि.को पानी आउछ। हाल पानी पर्ने अवधि फाट्टफुट्ट छ । धान रोप्दा घुम्टो ओड्नु पर्दैन, असारमा रोप्ने गरेको धान हाल भदौ तिर रोप्नु परेको छ। समयमा वर्षा नहुने कारण धान ढिलो लगाउन परेको छ। ढिलो लगाउदा चाडो पाक्दैन त्यसैले हाईब्रीड लगाउन पर्ने अवस्था आयो । हाल छिटो पाक्ने र सुख्खा जमिनमा रोप्ने धान लगाउछौ। असिना पर्न छोडेको १०/१२ वर्ष भयो । पारिको लेकमा वादल धेरै देखिन्थ्यो, हाल त्यस्तो छैन । कृषकहरुको यस्तो अनुभववाट के विश्लेषण गर्न सकिन्छ? यसले अझ भविस्यमा कस्तो असर पार्ने संकेत गर्दछ ? अनुसन्धानको विषय होला। यो स्थिती पैदा हुनुको पछाडी धेरै कारणहरु हुन सक्छन जस्तैः जलवायु पविर्तन, वनजंगलको विनास, जनसंख्या बृद्धि, आधुनिक कृषि आदिको प्रभाव । तर कारण जेसुकै होस, यो परिस्थती दिगो खाद्य-सुरक्षाको दृष्टिकोणवाट भविस्य अनिस्चित रहेको संकेत गर्दछ। १९ सौ शताब्दीमा भएको औद्योगिक क्रान्ती, उर्जाको अधिकतम उपयोग र प्राकृतिक श्रोतहरु माथीको अधिकतम शोषणले विश्व जलवायुमा देखियको परिवर्तनले कृषि क्षेत्रलाई सवैभन्दा वढि प्रभाव पार्ने निश्चितप्राय देखिन्छ। हरेक वर्ष २५ विलियन मे. टन. (एक विलियन बरावर एक अरव) कार्बन्डाईअक्साईड वायुमण्डलमा थपिदै गएको छ (डेभलपमेन्ट बुलेटिन, अंक ४६, २००९)। यो अन्य हरितगृह ग्यास वाहेक हो। यो प्रवृत्ती (trend) अनुसार सन् २०५० सम्ममा पृथ्वीको तापक्रम ४$^0$ से.ले बृद्धि हुने अनुमान वैज्ञानिकहरुले गरेका छन् । यदि यो परिस्थिती रह्यो भने कृषि क्षेत्रलाई ठुलो प्रभाव पार्ने अनुमान गरिएको छ । जसमा बाली लगाउने समयमा भारि परिवर्तन हुन्छ, सिंचाईको विशेष व्यवस्था हुनु पर्दछ, अत्यधिक मल र रसायनको प्रयोग गर्नु पर्दछ र बालीको नयाँ जातको प्रयोग जस्ता कुराहरु आउदछन् ।

जलवायू परिवर्तन प्रतिको वेवास्ताले सृजना गर्ने मुल्य दुईवटा विश्व युद्ध र १९३० मा भयको विश्व आर्थिक महामन्दिको भन्दा वढि हुने अनुमान वैज्ञानिकहरुको छ। संसारका एक अरव भन्दा वढि किसान र तिनका परिवार जलवायु परिवर्तनको प्रभाववाट सबैभन्दा वढि प्रभावित छन् । यो बर्षमा भएको कोपनहेगन सम्मेलनले अपेक्षा गरेको उपलब्धि विश्व समुदाय जसले हरितगृह ग्यासको उत्सर्जन वढि गर्दछ र जलवायु परिवर्तनमा ठुलो असर पुऱ्याई राखेका छन् तिनले आफ्नो असर र प्रभावलाई कम गर्ने योजना र प्रतिवद्धता जाहेर गर्दछन भन्ने थियो। तर यो आशामा मात्र सिमित रह्यो । विश्वका अति गरिव समुदाय जसले जलवायु परिवर्तन प्रति अति कम वा नगन्य असर पुऱ्याईराखेका छन । तर ति समुदाय नै सवैभन्द वढि जलवायु परिवर्तनको जोखिमवाट प्रभावित छन्। अझ अचम्मको कुरा के छ भने अधिकांस विकसित राष्ट्रहरु भुमध्यय रेखा देखि टाढा रहेका छन्, जुन क्षेत्रमा तापक्रम बृद्धिको प्रभावले कृषि क्षेत्रलाई सकारात्मक प्रभाव पार्दछ । अधिकांस विकासशिल वा गरिव राष्ट्रहरु भुमध्यय रेखाको नजिक पर्ने हुदा जलवायू परिवर्तनले कृषि क्षेत्रमा पार्ने नकारात्मक प्रभाववाट वढि प्रभावित हुने हुन्छन् । जलवायु परिवर्तन नेपाल जस्ता गरिव राष्ट्रहरुकालागी दिर्घकालिन चुनौती हो। अनियमित वर्षा, लामो खडेरी र तापक्रम बृद्धिले कृषि क्षेत्र अनिश्चित वन्न पुगेको छ । यी अनिश्चितताबाट कृषि क्षेत्रलाई जोगाउन अधिकतम वैकल्पिक उपायहरु जस्तै सिंचाईका बृहत योजनाहरु, बालीमा नया र कम पानी चाहिने जातको विकास, प्रभावकारी प्रविधिहरुको विकास र पचारप्रसार, विभिन्न अनुसन्धानहरु, मौषमको भविश्यवाणी, आदि अपनाउनु पर्ने हुन्छ । धनि राष्ट्रहरुले कृषि क्षेत्रलाई अहिलेको अवस्थामा कायम राख्न अधिकतम लगानी गर्न सक्छन् तर नेपाल जस्ता गरिव राष्ट्रहरुले कृषि क्षेत्रलाई सो स्तरमा कायम राख्न नसक्ने हुदा भोकमारीको चपेटामा पर्ने सम्भावना अधिकतम रहने हुन्छ। यस्तो जोखिमको संकेतवाट वेलैमा सचेत रहनु, आफ्नो स्तरवाट प्राकृतिक श्रोतहरु (माटो, पानी, वनजंगल) को संरक्षण र सम्बर्धन गर्नु, दिगो कृषिकालागि स्थानिय विउ विजन र जातहरुको संरक्षण गर्नु, गरिब र पछाडी पारिएकाहरुको साधन, श्रोत र बजारमाथिको पहुँच अभिबृद्धि गर्नु र क्षमता अभिबृद्धि गर्नु आवस्यक पर्दछ ।

# अन्तरक्रिया कार्यक्रम सम्पन्न

**धादिङवेशी (धास)** । हाम्रो समुदायमा बाल यौन दुर्व्यवहार सम्बन्धि घटना अत्याधिक मात्रामा हुने गरेको र विभिन्न कारणले घटना बाहिर आउन नसकेको कुरा सार्वजनिक भएको छ ।

सदरमुकाम धादिङवेसीमा बालयौन दुर्व्यवहार सम्बन्धि आयोजित जिल्ला स्तरीय अन्तरक्रिया कार्यक्रममा समुदायमा बालयौन दुर्व्यवहार हुने गरेको र घटना सार्वजनिक हुन नसकेको बताइएको हो । बाल आवाज भ्वाइस अफ चिल्ड्रेनको सहयोग र सामाजिक प्रगतिको लागि युवा अभियान नेपाल यूक्यापको आयोजनामा भएको अन्तरक्रिया कार्यक्रममा श्रमिक तथा विद्यालयमा अध्ययनरत बाल बालिकामा यौन दुर्व्यवहार हुने गरेको र भौगोलिक, सांस्कृतिक तथा लाज, डरका कारण घटनाहरु बाहिर आउन नसकेको बताइएको थियो । कार्यक्रममा भ्वाइस अफ चिल्ड्रेनका निर्देशक कृष्ण थापाले श्रमिक वाल वालिकाहरुमा सबैभन्दा बढि प्रतिशत बाल यौन दुर्व्यवहार हुने गरेको तथ्याङ्क प्रस्तुत गर्नु भएको थियो ।

त्यसैगरी युक्याप नेपालका कार्यक्रम संयोजक सानु गीरीले बाल श्रमिक पछि विद्यालय स्तरका बालबालिकाहरुमा यौन दुर्व्यवहारका घटना घट्ने गरेकोले यसलाई न्यूनिकरण गर्न धादिङ जिल्लाका विभिन्न स्थानमा कार्यक्रम सञ्चालन गर्न लागेको बताउनु भयो । संयोजक गिरीले यूक्याप नेपालले सञ्चालन गर्न लागेको बाल यौन दुर्व्यवहार न्यूनिकरण सम्बन्धि कार्यक्रममा सहयोग गर्न सहभागिहरुसँग अनुरोध पनि गर्नु भएको छ । अन्तरक्रिया कार्यक्रममा सरोकारवाला सरकारी कार्यालयका प्रतिनिधीहरु विभिन्न गरैर सरकारी संस्थाका प्रतिनिधिहरु र सञ्चारकर्मीहरुको सहभागिता रहेको थियो ।


## नेपाल पत्रकार महासंघ धादिङको
## सूचना

नेपाल पत्रकार महासंघ धादिङको शाखाको सदस्यता लिन योग्यता पुगेका इच्छुक पत्रकारहरुले मिति २०६७ जेष्ठ मसान्त भित्र पेश गर्नुपर्ने आवश्यक कागजपत्र सहित यस शाखामा दरखास्त दिनुहुन अनुरोध गरिन्छ ।

सम्पर्क फोन नं. :- ०१०५२०७३०

सभापति
नेपाल पत्रकार महासंघ, धादिङ


# शासकले चुसेको राज्य



देवीप्रसाद अधिकारी

निचोरेको कागति र देशको अर्थचन्त्र हालको लागि मिल्दो जुल्दो छ। आखिर रस नभएपनि कागतिमा अमिलो र तितोपन भने हुन्छ नै। यहाँ पनि देखाउने बजेटको कमि गाउँ, जिल्ला र राष्ट्रमा देखिँदैन । एउटा गा.वि.स.मा तीस देखि करोडौ बजेट बर्सेनि परेकै छ। तै पनि न ग्रामीण न त शहरिया बस्तीहरुमानै आर्थिक विकासको प्रभाव परेको छ । झन झन बेरोजगारी, महङ्गी र भोकमरी बढेकै छ। सरकारी बजेटमात्र हैन खरबौको वार्षिक वैदेशिक लगानि पनि बढ्दो छ गरिवी निवारण, स्वास्थ्य, शिक्षा, खानेपानी बाटा, पुलपुलेसा आदिको लाग । तर कहाँ गए त यि लगानीहरु ? के भयो त उन्नती ? कहाँ भयो तात्विक परिवर्तन ?

परिवर्तन अवश्य भएका छन् । देखिने गरि भएका छन्। एउटा व्यक्ति जो सामान्य शिक्षित छ । पाँच वर्ष अगाडि जागिर नपाएर चप्पल पड्काउँदै पार्टीको नेताको पछि हिडेको थियो। आज रातारात गाडिको मालिक भएको छ। लाखौको घडेरी जोडेको छ । श्रीमती, साला भान्जा, भाई आदिलाई आफ्नै संस्थाको मालिक एवं कर्मचारी बनाएको छ। ऊ विगत र वर्तमानलाई सम्झदा दंग पर्छ। किनभने आज ऊ लाखौं डलरको खेतीको मालिक भएको छ। कागजमा राम्रा शब्द कोरेको भरमा गाउँनै विकासले लचप्र भिजेको चित्र उतारीदिएर ऊ सेठ बनेको छ। छन् अरुपनि छन् परिवर्तनहरु किन नहुने त त्यै पाँच सात वर्ष अगि लोकसेवा तयारी गर्न पत्र पत्रिका जोड्न नसकेर वितिक्षिणत भएकाले आज सुब्बा साप हुँदैमा मालामाल कमाएका छन् । छोरा छोरीलाई महङ्गो स्कुलमा पढाएका छन्। हाकिमको त कुरै छाडौं यूरोपको कुन महाविद्यालय छन् होला । सरकारले कति तलब दिदो रैछ तिनिहरुलाई छक्क लाग्छ। सुन्दा त एउटा अफिसरको तलबले सामान्य स्कूलमा दुई सन्तान पढाउन र महङ्गिभर थेक गर्न पनि महिना दिन कुर्न पर्छ। एउटा प्रहरी निरिक्षक त के ठाउँमा परेको प्रहरीको कमाई सुन्दा अत्यास लाग्छ। गलामा सिक्री र हातको लकेट हेर्दा हो क्यारे भन्ने लाग्छ । डि.एस.पि.र माथिका त बयान गरुँ भने पनि आफ्नो त्यो स्तरको जीवन छैन कसरी ठ्याक्कै पारुँ खै ?

आर्मी अफिसर, जर्नेल, कर्नेलको सम्पतिको मोलतोल गर्दा त सानो तिनो क्याल्कुलेटरले नै समजोड एक्कैचोटी देखाउन सक्दैन। यी उल्लेखित पात्रहरुलाई राजनिति गर्ने चल्दापुर्दा कार्यकर्ता देखि नेताहरुसम्म जोडेर हेर्ने हो भने यिनीहरुका सन्तान, दरसन्दान कहाँ कस्तो जीवन विताई रहेका छन् त्यो खोतल्ने हो भने भन्न मिल्दैन नेपाली जनताको जीवन स्तर माथि उठेको छैन भनेर ।

कागति निचोर्दा निकालिएको रस गिलासमा राख्दा त निकै तेजस्पी, कन्चन र रसिलो अवश्य देखिन्छ। तर त्यो छोक्रालाई हेर्दा थाहालाग्छ उसको अवस्था । हो यस्तै छ हाम्रो देशको आर्थिक अवस्था। निमुखा, गरीब, शोसीत, जनताको नाउँमा आउने विभिन्न शीर्षकका बजेट बाटैमा चुसेर, सोसेर, खोसेर जनतालाई निचोरेका छन् । यो देश र जनताको लागि घात हो तर के गर्ने ? सत्य कुरा कोही बोल्दैन बोलेनि लागु गर्दैन।

# उपभोक्ताहरुको भेला सम्पन्न

**झार्लाङ (धास)** । वन क्षेत्रमा हुने गरेको चोरी डकैती र फडानी नियन्त्रण गर्ने उपाय खोज्न झार्लाङमा वन उपभोक्ताहरुको भेला सम्पन्न भएको छ। झार्लाङ गाउँ विकास समितिको वडा नम्वर १, र २ का वन उपभोक्ताहरुको सम्पन्न भेलाले वनमा हुने चोरी, डकैती, फडानी जस्ता विकृतिहरु कम गर्न रेखदेख गर्ने उद्देश्यले महिला समूह गठन गरेको छ।

सेती लामा तामाङको अध्यक्षमा सीतामाया तामाङ, सचिवमा अस्मिता तामाङ र कोषाध्यक्षमा गँगा तामाङ रहनुभएको छ। भेलाले वन क्षेत्रमा राती १२ बजे पछि हिँडडुल गर्न नपाइने निर्णय गरेको छ।

# शिक्षा र पैसा

गोमा पाण्डे (लोहनी)

आजको शिक्षा पैसामा बदलिएको छ । शिक्षा प्रदान गर्ने निकाय सेवा तर्फ भन्दा पनि व्यापार तर्फ उन्मुख भएको छ । जति धेरै पैसा खर्च ग-यो त्यो शिक्षा नै सब भन्दा राम्रो शिक्षा भएको मानिन थालेको छ । व्यापारिक परियोजनाको लागि खोलिएका कतिपय शैक्षिक संस्थाहरुको कारण "सेवा गरे मेवा पाईन्छ " भनेर सामाजिक सेवाको भावनाले संचालन भएका स्कूलहरु मारमा परेको वर्तमान अवस्थामा कुनै स्कुलको केटालाई तिमी के गर्दैछौं भनेर सोध्ने हो भने उसले उत्तरमा "म केही सिक्दैछु" भन्नुको सट्टा "म शिक्षा किन्दैछु" भन्छ । प्राथमिक कक्षामा भर्ना गराउन ठूलो धनराशी खर्चिनु पर्दछ। यसरी ठूलो धनराशी खर्च गरेको शिक्षा, शिक्षा प्राप्त गर्नेले सही तवरले लिन सकेन भने उसले प्राप्त गरेको शिक्षाले नत उसले लाभ लिन सक्छ नत विश्वलाई नै लाभ दिन सक्छ । आजकल अनुशासनको बवस्था खस्कदो छ । अनुशासन खसकनुको कारण शिक्षण संस्थाहरुमा पैसाको भूमिका अति ठूलो हुनु पनि हो। शिक्षण संस्थाहरु विद्याकी देवी सरस्वतीको मन्दिर नभएर धनकी देवी लक्ष्मीको मन्दिर,व्यापारगृहहरु बन्न पुगेका छन्। आजकाल शुल्क तिर्न नसक्ने विद्यार्थीहरुले पढ्न इच्छुक भए पनि पढ्न पांउदैनन्। शिक्षकले पनि कुनै महिना पारिश्रमिक पाएन भने पढाउने कर्तव्य समेत महसुश गर्दैन। विद्यार्थीहरु पढेवापत शुल्क तिर्छन भने शिक्षकहरु पढाए वापत पारिश्रमिक पाउंछन्। के सिक्ने र कसरी सिकाउने भन्ने कुरा पैसामा निर्भर गर्दछ। शुल्क बुझाएर शिक्षा र शुल्क लिएर शिक्षा प्रदान आजको प्रमुख गतिविधि हो । गुरु मानेर शिक्षा लिने भन्ने कुरा प्राचिन शास्त्रमा मात्र पढ्न पाईन्छ।

हामीले आफ्ना केटाकेटीहरलाई तिनीहरुको मस्तिष्क उच्च र राम्रो पार्न तालिम दिने गर्नु पर्दछ । शिक्षाको लागि महङ्गो र भड्किलो उपकरण प्राप्त गर्नु पर्याप्त छैन्। हामीले त्यस्ता उपकारणहरुको पुरा एवं प्रभावकारी ढंगले प्रयोग गर्न जान्नु पर्दछ। तब मात्र त्यस्ता उपकरणहरुमा गरेको लगानी लाभ दायक र उचित ठहरिन्छ । खर्चको मामिलामा हाम्रो दृष्टिकोण कठोर हुनुपर्दछ किनकी न्यायोचित र आवश्यक कुनै पनि कुरामा हामीले लाखौं रुपैया खर्च गर्नु पर्दछ तर अनावश्यक र बेकार कुरामा एक पैसा पनि खर्च गर्नु हुन्न । कारण संसारमा पैसा नै सबै खराबीको कारण हो । आजकाल जताततै पैसाको अपव्यय र दुरुपयोग भईरहेको छ । मानवीय मुल्यहरुको विकास गर्नमा धन, अन्न र समयको दुरुपयोग रोक्नमा जोड दिनैपर्दछ ।

यस बारे शिक्षकहरुलाई पनि तालिम दिनै पर्दछ र हामी सबैले व्यवहारमा उर्तानु पर्दछ। तब मात्र सभ्य समाजको विकास हुनमा मद्दत पुग्दछ।

## तरकारी तथा फलफलूल खेती गर्न पाण्डेको अनुरोध

जोगीमारा (धास) । नेकपा एमालेका पोलिटब्यूरो सदस्य एवं पूर्व स्थानीय विकास मन्त्री राजेन्द्र पाण्डेले ग्रामीण क्षेत्रमा सडक खन्ने मात्र नभएर कृषि उत्पादन गरि आय-आर्जन बढाउनेतिर लाग्नु पर्ने बताउनु भएको छ । विकासको पूर्वाधारको रुपमा सडक प्राथमिकतामा परेपनि त्यसको उपयोग कसरी गर्ने भनेर सोच्नु पर्ने पनि पाण्डेले बताउनु भयो। जोगिमारा गाउँ विकास समितिको वडा नम्बर ७ मा निर्माण गरिएको ज्यामिरे-पिपलडाडा-चैलिङ सडकको उद्घाटन गर्दै एमाले नेता पाण्डेले सो कुरा बताउनुभएको हो।

सडक उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै नेता पाण्डेले ग्रामीण सडकको आसपासमा तरकारी तथा फलफलूल खेती गरेर सडक उपयोग गर्दै आम्दानी लिन उपभोक्ताहरुसंग अनुरोध पनि गर्नु भयो। कार्यक्रममा सडक उपभोक्ता समितिका अध्यक्ष हरिबहादुर खाँडले सो सडक निर्माणमा २३ लाख ४६ हजार आठसय ३० रुपैयाँ खर्च भएको बताउनु भयो ।सडक उद्घाटन कार्यक्रमलाई जोगिमारा गाविस सचिव ईश्वरीप्रसाद पोखरेल, एमाले नेताहरु टापबहादुर श्रेष्ठ, रमेशप्रसाद भट्टराई लगायतले सम्बोधन गर्नु भएको थियो।


## हार्दिक बधाई तथा शुभकामना

यस समितिका अध्यक्ष **क.सुरेश आचार्य** नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) को नेपाल यातायात स्वतन्त्र मजदुर संगठन केन्द्रिय समितिको मिति २०६७ जेष्ठ ३ र ४ गते काठमाण्डौमा सम्पन्न प्रथम बैठकबाट केन्द्रिय श्रम विभागको सदस्य पदमा मनोनित हुनुभएकोमा उहाँको कार्य सफलताको कामना गर्दै **हार्दिक बधाई** तथा **शुभकामना** व्यक्त गर्दछौं ।

नेपाल यातायात स्वतन्त्र मजदुर संगठन
धादिङ पृथ्वीराजमार्ग
इकाई नौबिसे परिवार

नेपाल ट्रेड युनियन महासंघ
(जिफन्ट)
जिल्ला कार्य समिति धादिङ


# साहित्य

## मुटुमा होइन मस्तिष्कमा हुन्छ प्रेम



✍.. लक्ष्मी पाण्डे (प्रतिक्षा)

सृष्टिको इतिहासमा माया र प्रेमले संसारलाई चमत्कारी बनाइदिएको छ। खेतमा काम गर्ने किसान किसानदेखि लिएर डाक्टर, वकिल, आविस्कारक, साहित्यकार सबै क्षेत्रका मानिसहरु प्रेमको अगाडि नतमस्तक हुन्छन्। मानिसमात्र होइन पशुपंक्षी, किटपतंगा सबै प्रेमका अनुयायी हुन्।

**जहाँ जीव हुन्छ, त्यहाँ हृदय हुन्छ ।**
**जहाँ हृदय हुन्छ, त्यहाँ प्रेम हुन्छ ।**

सृष्टिदेखि हालसम्मको मान्यता हो तर अहिले अमर प्रेमको रहस्य मुटु (हृदय) मा होइन मस्तिष्कको एक विशिष्ट क्षेत्रमा हुन्छ भनी वैज्ञानिकहरुले अनुसन्धानको क्रममा पत्ता लगाएका छन्। मानवसभ्यताको इतिहासदेखि नै प्रेमको वासस्थान मुटु हो भनिदैं आए पनि अहिले वैज्ञानिकहरुले प्रेम र मुटुबीच कुनै सरोकार नहुने दाबी गरेका छन्। अमर प्रेमको रहस्य खुलाउन अमेरिकाको टाल्सासिइ स्थित फ्लोरिडा स्टेट युनिभर्सिटिका प्राध्यापक ब्राण्डन आरागोना र उनका सहकर्मीहरुले समतल घाँसे भुमिमा बस्ने जङ्गली मुसाबीच हुने प्रेम प्रसंगको अनुसन्धान गरेका थिए। विशेष जंगली मुसाहरुको एकमात्र विपरीत लिंगी साथी हुने भएपनि मस्तिस्कको एक विशेष भागमा रहने 'डोपामाइन' नामक तत्वमा उत्पन्न हुने गडबडीले त्यस्तो प्रेम सम्बन्धमा उतार चढाब ल्याइदिने वा एकआर्काबीच विश्वासको संकट पैदा गराइदिने न्यु सफ्ण्टस्टको अनलाइन संस्करणमा प्रकाशित प्रतिवेदनमा जनाइएको छ । 'डोपामाइन' ले मस्तिष्कको आनन्ददायक अवस्थासँग सम्बन्ध राख्छ र यसैको समन्वयात्मक प्रभावबाट प्राणीलाई निश्चित क्रियाकलाप निरन्तर दिन वा आफुले गरेको कुनै पनि काममा सन्तुष्ट हुन प्रोत्साहन गर्छ।

"हाम्रो अध्ययनले प्रेम मुटुमा होइन मस्तिष्कमा हुन्छ भन्ने कुरा देखाइएको छ। " अरागोनाले भने। त्यसैले मस्तिस्कमा हुने डोपामाइनमा गडबढी उत्पन्न भयो भने प्रेम सम्बन्ध टुट्न सक्छ । प्रेमले मुटुसँग कुनै सरोकार राख्दैन ।

## काठमाण्डौ



✍.. विजय पाण्डे

नेपालको काठमाण्डौ राजधानी
बस्छन् प्राय: धनीमानी
१४ अञ्चल ७५ जिल्लाका नेपालीको हुन्छ जगजगी
वातावरणीय प्रदुषणले हन्हाउँदै वातावरण मगमगी
फोहोरले सिंगारेको यो शहर
जताततै फुटेको छ ढल र नहर
पवित्र वाग्मती उस्तै गन्हाउँछ
सरकारले योजनाहरु मात्रै बनाउँछ
जहींतहीं छ चोरी र चकारी
हुन्छ त्यहाँ मूर्तिको पैठारी
भुस्याहा कुकुरको यो Paradise
whiskey मा चोपलिन्छन् सोडा र आइस
सरकारले गर्छ यहाँ कानुनको बलात्कार
दुई नम्बरी काम गर्ने मानिसकै हुन्छ
यहाँ स्वागत र सत्कार
छोराछोरीको माया भन्दा पैसा ठूलो यहाँ
हत्यानै गर्न तम्सिन्छन् पैसाका लागी जहाँ
खानेपानी पाइँदैन राजधानी माझ
समस्याले अल्झिएको काठमाण्डौ आज
भौंतारिन्छन् गाग्री लिई बिहान र साझँ
राजधानी भन्न पनि लागीसक्यो लाज
नेताहरु भन्छन् काठमाण्डौ महानगरी
तर हामी नेपालीहरु भन्छौं मात्र यो समस्याको भुमरी

# खाँचो छ एकताको



✍ ... प्रकाश पौडेल

**शिक्षा**

लगानी र प्रतिफलको बीचमा अन्योन्याश्रीत सम्बन्ध रहेको हुन्छ। सफल जीवनको लागी आवश्यक पर्ने प्रमुख लगानी शिक्षा हो । जीवन र जगतलाई हेर्ने दृष्टिकोणमा अपेक्षाकृत सुधार र परिवर्तन ल्याउन शिक्षाको (गहन) मुख्य भुमिका रहेको हुन्छ। सहज तथा व्यावहारिक शिक्षाको निम्ति रातोदिन परिश्रममा जुट्ने शिक्षक वर्गको भूमिकालाई सबैले हृदयङ्गम गर्न आवश्यक छ। सफल शिक्षक तथा दक्ष शिक्षक विकासका सूचक हुन् । यीनीहरु देशका अमूल्य निधीहुन्। सम्पती हुन्।

शिक्षण पेशालाई आफ्नो कार्यक्षेत्र बनाएर अघि बढिरहेका शिक्षकहरुको हितका निम्ती राष्ट्रले उचित प्रबन्ध गर्न सकिरहेको पाइएको छैन, यो अप्रत्यक्ष रुपले देशले अबको केही दशकमा पनि निकास नपाएर अप्ठ्यारो परिस्थितिबाट गुज्रि रहन्छ भन्ने कुराको प्रमाणित गर्दछ । यसै सन्दर्भमा शिक्षाको गुणात्मक सुनिश्चित गराउन तल्लिन शिक्षकहरुको आत्मबल उँचो राख्न विभिन्न शिक्षक संघ, संगठन खुलेको छ र काम अगाडि बढिरहेको पनि छ । यसका अलवा शिक्षक युनियनको पनि उपस्थिति रहेको पाइन्छ। उद्देश्य अनुरुप शिक्षण-सिकाई क्रियाकलाप अगाडि बढाउन तथा शिक्षाका कार्यहरु स्थानिय स्तरका विद्यालयहरुमा सहज तथा प्रभावकारी तवरले संचालन गराउन यी संघ, संगठनहरु खुलेको पाइन्छ । तर यी संस्थाहरुले प्रष्ट उद्देश्यबाट काम कारवाही अगाडि बढाएको भने खासै पाइएको छैन।

कम्तिमा सबै संघ संगठनहरु एक ठाउँमा बसी शिक्षाको आधारभूत पक्षहरुमा केन्द्रित रहेर अगाडि बढ्न साझा कार्यक्रहरुको निर्माण गर्न आवश्यक छ, किनकी आधारभूत कुराहरुमा नै एक-आपसमा अमिल्दा पाटाहरु भटियो भने क्रियाकलापहरुले गहनता र सबलता राख्नै सक्दैन । त्यस्तो विषयमा यी संघ, संगठनहरुले सहजता भन्दा पनि जटिलता सृजना गर्ने काम गरिरहेका हुन्छन्। त्यतिमात्र नभई शिक्षा क्षेत्रबाट विचलित ठूलो समुहलाई पनि यस कार्यमा थप लागिरहन सक्ने बनाउन आवश्यक छ। शिक्षक संघ-संगठनको आडमा भनौं खोल ओडेर निश्चित सिद्धान्त र दर्शनबाट निर्देशित र संचालित राजनैतिक पार्टीहरुको निहित स्वार्थका लागि निकै ठूलो संख्यामा शिक्षकहरु लागि परेर हिडिरहेको पाइएको छ । शिक्षक र शिक्षण पेशाको मूल्य अनि मान्यतालाई नाध्दै अगाडि बढेका हजारौं शिक्षकहरुलाई सहि बाटोतर्फ निर्देशित गर्न सक्नु र शिक्षाका सवालमा जुटेर अगाडि बढ्न प्रेरित गर्न सक्नु पर्ने गहन जिम्मेवारी ती शिक्षक संघ संगठनहरुको काँधमा रहेको छ। यदि यसो गर्न सकियो भने देशको शिक्षाप्रतिको लगानी सार्थक भएको ठहर्छ।

शिक्षाको विकाशको निम्ति सँगै हातेमालो गरेर अघि बढ्नु पर्ने टट्कारो आवश्यकतालाई मध्यनजर राख्दै पेशाकर्मी शिक्षकहरुको बिचमा अन्तरक्रिया, छलफल तथा भेटघाटका अवसरहरु जुटाउनु आवश्यक छ। आवश्यकता अनुसार अभिभावक, विद्यार्थी तथा जिल्ला शिक्षा कार्यालय अनि विद्यालय व्यवस्थापन समिति संग औपचारिक अनौपचारिक छलफल तथा बहस संचालन गर्नुपर्दछ । यी यस्ता कार्यक्रमहरुले सुधारका निम्ति, प्रगतिका निम्ति तथा विकासका निम्ति एक सबल ईंटा थप्नेछ, जुन नयाँ नेपाल निर्माणको निम्ती कोशेढुङ्गा सावित ठहर्नेछ।

# स्वास्थ्य

## पाचन अंगमा हुने घाउ

**(पेप्टीक अल्सर)**

पेट (आमाशय तथा सानो आन्द्राको माथिल्लो भाग) मा हुने घाउलाई पेप्टिक अल्सर भनिन्छ।

**लक्षण तथा चिन्हहरु**

-पेट पोल्नु
-मुखमा अमिलो पानी आउनु
-खानामा अरुचि हुनु
-वाक वाक लाग्नु, बान्ता आउनु
-खाना अपच हुनु
-दिसा कालो हुनु वा बान्तामा रगत मिसिएको हुनु
-पेटमा थिच्दा कडापन महशुष हुनु

**रोकथाम तथा नियन्त्रण**

-यो रोगबाट बच्न उपायहरु सूर्तिजन्य पदार्थ प्रयोग नगर्ने।
-धुम्रपान तथा मद्यपान गर्नुहुँदैन।
-एलर्जी हुने कारणलाई समयमै पत्ता लगाई त्यसबाट बच्ने उपाय अपनाउनु पर्दछ।
-यो रोग लाग्न नदिनको लागि धुलो, धुँवा तथा चिसोबाट आफुलाई बचाउनु पर्छ। ग्रामीण समुदायका घरहरुमा धुँवारहित चुलोको निर्माणले धेरै मानिसलाई रोग लाग्नबाट बचाउन सकिन्छ।
-मानसिक चिन्ता, भय, आवेग इत्यादिबाट मुक्त हुनुपर्दछ।
-चिसोबाट जोगिनुपर्दछ। अत्याधिक चिसो पेय तथा खाद्यपदार्थको सेवन गर्नुहुन्न।
-विभिन्न रोगको संक्रमणबाट बच्नु पर्दछ।
-यो रोगको उपचार धेरै कठिन हुन्छ किनभने एकपटक निको भएसकेपछि पनि यो बारम्बार भइरहन्छ। यो रोगको लागि एकपटक औषधी खाएर पुग्दैन। त्यसैले स्वास्थ्यकर्मीको सल्लाह अनुसार उपचार गर्नु पर्दछ।

**जिल्ला स्वास्थ्य कार्यालय धादिङ**

## ६० लाख घरधुरी......

कायपत्र प्रस्तुत गर्नु भएको थियो। त्यसैगरी शाखा तथ्यांक कार्यालय मकवानपुरका शाखा अधिकृत नन्दलाल सापकोटाले जनगणनामा सामाजिक, सांस्कृतिक तथ्यांक र यस संग सम्बन्धीत सवालहरुको विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा धादिङका प्रमुख जिल्ला अधिकारी भरत पौडेलले जनगणना २०६८ को अवसरमा पहिलेका जनगणनाका आधार बनाउँदै कोही पनि नदोहोरिने र कोही पनि नछुट्ने तरिकाले जनगणना हुनुपर्ने बताउनु भएको थियो। कार्यक्रममा जनगणनाको लागि ६० लाख घरधुरीमा पुगेर तथ्यांक लिइने पनि शाखा तथ्यांक कार्यालय चितवनका शाखा अधिकृत लिलाप्रसाद मिश्रले कार्यक्रममा बताउनु भयो।

## विज्ञान कक्षा.....

विद्यालयको स्थलगत निरीक्षण गरि डाक्टर कोइरालाले विद्यालय व्यवस्थापन समिति समक्ष कक्षा सञ्चालन गर्न आग्रह गर्नुभयो।

नेकपा एमालेका पालिटव्यूरो सदस्य एवं पूर्व स्थानीय विकास मन्त्री राजेन्द्रप्रसाद पाण्डेको अनुरोधमा प्राध्यापक डाक्टर कोइरालाको नेतृत्वमा आएको एक टोलिले उक्त विद्यालयको निरीक्षण गरेको थियो । निरीक्षण टोलीमा त्रिभुवन विश्व विद्यालय अन्तरगतको रिकाईसका पूर्व कार्यकारी निर्देशक प्राध्यापक डाक्टर तुलसी पाठक र पूर्वाञ्चल विश्व विदालयका पूर्व उपकुलपति प्राध्यापक तोरणबहादुर कार्की रहनु भएको थियो । सोहि अवसरमा निरीक्षण टोलीले मछिन्द्र उच्च मावि खानीखोला, बागेश्वरी उच्च मावि बैरेनी र आदर्श उच्च मावि गजुरीमा सञ्चालन भएको कक्षा एघारको परीक्षाको अवलोकन पनि गरेको थियो ।

निरीक्षण टालीले आदर्श वहुमुखि क्याम्पस गजरीबाट पहिलो व्याचको रुपमा स्नातक उत्तीर्ण विद्यार्थीहरुलाई प्रमाण पत्र समेत प्रदान गरेको थियो। यसैगरि निरीक्षण टोलीले सदरमुकाम धादिङबेसीमा रहेको नीलकण्ठ उच्च

# नेपालको संविधान निर्माणको यात्रामा विद्यार्थी

✍....रुपेश श्रेष्ठ

नेपाल विश्वका ११६ राष्ट्रहरुले शान्ति क्षेत्र घोषणा गरेको राष्ट्र हो।

२००७ सालको राणा शासन विरुद्ध आन्दोलन होस् २०४६ को पञ्चायत व्यवस्था विरुद्ध आन्दोलन होस् या २०६३।०६३ को राजाको प्रत्यक्ष शासन विरुद्धको आन्दोलन हो, त्यहाँ विद्यार्थीहरुको प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहभागीता बनाएको देखिन्छ । विद्यार्थीहरु भनेका देशका बलिया खम्बा हुन् जसले उज्जवल भविष्यको निमार्ण गर्दछन्। करिब तीसलाखको हाराहारीमा हाम्रो देशमा विद्यार्थी जनसंख्या छ । देशको कुनैपनि विकासको पूर्वाधारको विकास गर्नको लागी विद्यार्थीहरुको सक्रिय सहभागिता देख्न सक्छौं। हाम्रो देशको अवस्था अहिले अत्यन्तै सङ्कटकालीन छ। नेपालमा संविधान सभाको निर्वाचन २०६४ चैत्र २८ गते भयो र २०६५ जेष्ठ १५ गते हाम्रो देश सङ्घिय लोकतान्त्रीक गणतन्त्र नेपालको रुपमा विश्व सामु चिरपरिचित भयो। २०६५ जेष्ठ १५ गते नै दलहरुले हामी २०६७ जेष्ठ १४ गते भित्र संविधान निर्माण गर्छौं भनेर कसम खाएका थिए तर दलहरुको खिचातानीले गर्दा अहिलेसम्म देशको संविधान निर्माण हुन सकेको छैन। यस कुराको गहिरो संकट जनता र विद्यार्थीमा पर्न आएको छ। देशको संविधान समयमानै नबनेको कारण विद्यार्थीमा कतै हाम्रो देश पुरानै अवस्थामा फर्कने हो कि ? भन्ने शङ्का उब्जेको छ।

विद्यार्थीहरु देश विकासतीर लम्कियोस्, देशमा चाँडै शान्ति छाओस्, गरिब, सिमान्तकृत र निमुखा जनताले अधिकार पाएको हेर्न चाहन्छन्। विद्यार्थीहरु आफ्नो जीवन राष्ट्रलाई सुम्पिन चाहन्छन् तर राजनितिक दलहरुले हामी विद्यार्थीलाई साह्रै दुःखत् अनुभव हुन्छ। उनीहरु आफ्नो स्वार्थका लागी मात्र काम गरीरहेका छन्। जसका कारण जनताको मनमा पलाएको शान्तिको झिनो आशा पनि हट्न खोजिसकेको छ । यस्तो देशको संकटकालीन अवस्थामा मलाई लाग्छ हामी विद्यार्थीले अतिनै महत्वपूर्ण भूमिका खेल्नुपर्दछ। अबविद्यार्थीले दलहरुमा रहेका अराजकता र यथास्थितिवादलाई हटाएर समग्र रुपमा एकतावद्ध बनाउन आवश्यक छ। हामी विद्यार्थीले पक्कै पनि देश निर्माण गर्नकै लागी दबाब दिनुपर्दछ । उनीहरुलाई सर्वप्रथम देशको निर्माणको लागी महत्व दिनुपर्दछ। भनी उनीहरुको घुस र भुसले भरिएको बुद्धिलाई घचघचाउन आवश्यक रहएको छ।

निष्कर्षमा भन्नुपर्दा राजनितिक दलहरुले आफ्ना दलिए स्वार्थ भन्दा माथि उठेर समग्र राष्ट्र कै विकासको गुणस्तर वृद्धि गर्ने, राज्यशक्तिको सिमाङकन गर्ने साथै नागरिकहरुलाई आफ्नो हक अधिकार प्राप्त गर्ने जनमुखि संविधान निर्माण गरेर दिगो शान्तिको सुनिश्चितता होस्। यहिनै मेरो अग्रिम कामना छ।

## श्रेष्ठ सकुशल .....

सुरक्षा कर्मि र आफुलाई अपहरण गरेपनि सकुशल मुक्त गर्ने नेपाल जनता हिन्दु पार्टीलाई पनि धन्यवाद दिनु भएको थियो।

डा श्रेष्ठको प्रारम्भिक स्वास्थ्य परीक्षण गर्दा समान्य पाइएको भए पनि केही समय उहाँलाई आरामको आवश्यकता रहेको डा जया श्रेष्ठले जानकारी दिनुभयो। यस्तै मध्यमान्चल प्रहरी प्रमुख नवराज ढकालले घटनाका बारेमा अनुसन्धान भैरहेको र सहि समय आएपछि मात्र त्यस बारे थप जानकार ी दिने बताउनु भयो।

भरतपुर स्थित विपी कोइराला क्यान्सर अस्पतालका कार्यकारी निर्देशक डा भक्तमान श्रेष्ठको गत जेष्ठ ४ गते अपहरण भएको थियो। चितवन अस्पताल भरतपुरमा बिर ामीको अपरेशन गरेर घर फर्किने क्रममा उहाको अपहरण भएको थियो। अपहरण पछि उहाको सवारी साधन पोखराको कुडहरमा र ब्रिफकेश अपहरणको ५ दिनपछि चितवनको घोप्टे भिरमा फेला परेको थियो।


# जग्गा चाहियो

**कुनै एक कम्पनीको लागि धादिङ जिल्ला नीलकण्ठ गा.वि.स. वडा नं. २ र ५, सुनौलाबजार गा.वि.स.को तल्लोबेसी, मुरलीभञ्ज्याङ गा.वि.सको ससाह, धादिङवेसी आसपासको क्षेत्र र सल्यानटार गा.वि.स.मा पानी, बत्ती र बाटोको सुविधा भएको एकदेखि पाँच रोपनीसम्मको एउटै पल्ट जग्गा चाहियो।**

सम्पर्क फोन :
९८४१४५५०५५, ९८०३८७६३४०

